**Series BRH**

कोड नं.
Code No. **17**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ 4 हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **8** प्रश्न हैं ।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **8** questions.
- **Please write down the serial number of the question before attempting it.**
- 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# संकलित परीक्षा – II
# SUMMATIVE ASSESSMENT – II

# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* — *Maximum Marks : 80*

**1.** तलको अनुच्छेद राम्ररी पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख : *5×2=10*

शिक्षाको उद्देश्य विद्यार्थीको सर्वव्यापी व्यक्तित्वको विकास गर्नु हो, यसले सर्वगुणले सम्पन्न एउटा व्यक्ति निर्माण गर्छ । सरकारले 6 देखि 14 वर्षसम्मका बाल-बालिकाका निम्ति शिक्षा बुनियादी अधिकारको रूपमा निःशुल्क र अनिवार्य बनाएको छ । यसको उद्देश्य सबै आर्थिक एवं सामाजिक स्तरका बालक-बालिकाहरूले बुनियादी शिक्षा हासिल गर्ने मौका पाउनु हो । विद्यार्थीहरूको चौतर्फी विकास गर्न र सर्वगुणले सम्पन्न जीवनोमुखी शिक्षा प्रदान गर्न शिक्षण पद्धति विद्यार्थीमुखी हुन अति आवश्यक छ । यसको निम्ति विद्यालयको पर्यावरण डर, तनाउ र शारीरिक प्रताड़ना मुक्त हुनुपर्छ ।

यसो गर्नाले उनीहरुले सहज, सरल निर्भयका साथ आफू भित्र अन्तर्निहित कला-कौशलको विकास गरेर आफ्नो भविष्य निर्माण गर्ने मौका पाउनेछन् ।

**प्रश्नहरू :**

(क) शिक्षाको उद्देश्य के हो र यसले कस्तो व्यक्ति निर्माण गर्छ ? *2*

(ख) विद्यालयको पर्यावरण किन डर एवं प्रताड़ना मुक्त हुनु पर्छ ? *2*

(ग) सरकारले किन शिक्षा बुनियादी अधिकारको रूपमा निःशुल्क र अनिवार्य बनाएको हो ? *2*

(घ) किन शिक्षण पद्धति विद्यार्थीमुखी हुन अति आवश्यक छ ? *2*

(ङ) सर्वगुण र निःशुल्क शब्दको अर्थ लेख । *2*

**2.** कुनै ***एक*** विषयमाथि लगभग 250 शब्दको चाखलाग्दो निबन्ध लेख : *10*

(क) जीवनमा अनुशासनको महत्व ।

(ख) पर्यावरण संरक्षणमा विद्यार्थीको भूमिका ।

(ग) नयाँ परीक्षा प्रणाली : विद्यार्थीका निम्ति सर्वोत्तम ।

**3.** (क) तल दिइएका कुनै **दुइ** जोड़ी समोच्चारित तर भिन्नार्थक शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : *2*
गर्व – गर्भ, देखि – देखी, आदि – आदी ।

(ख) तलका शब्दहरूको **दुइ-दुइ**वटा पर्यायवाची रूप लेख : *2*
अमृत, घमण्ड, दिन, माता ।

(ग) तलका कुनै **दुइ** वाक्यांशका सार शब्द लेख : *1*

(अ) दुइ नदीको संगम

(आ) जसले ईशवर मान्छ

(इ) अर्काको उपकार गर्ने

(घ) निम्नलिखित कुनै **दुइ** शब्दका विपरीतार्थक शब्द लेख : *2*
आदि, वेइज्जत, हानि ।

(ङ) निर्देशन अनुसार वाक्यमा परिवर्तन गर : *3*

(अ) पढ़ेकाको जहाँ पनि कदर हुन्छ । (मिश्र वाक्यमा)

(आ) जसले मेहन गर्छ उ सधै सफल हुन्छ । (सरल वाक्यमा)

(इ) बाबा विद्यालय जानुभएन । (करण वाक्यमा परिवर्तन गर)

(च) तलका वाक्य शुद्ध गरेर लेख : 3

(अ) म विद्यालय गए ।

(आ) रामको बहिनी सानी छ ।

(इ) उनिहरु बजार जान्छ ।

**4.** (क) ''बड़ा बारी गर्ने भइस् ! ठूलो भाग खालास् ।''

(अ) उक्त गद्यांशको पाठ र लेखकको नाम लेख । 1

(आ) उक्त कथन कसले कसलाई कुन संदर्भमा भनेको हो ? 2

(इ) ''बड़ा बारी गर्ने भइस्'' भन्नाले के बुझिन्छ ? 2

(ख) 'चिसो चिया' एकांकीको अन्तमा लक्ष्मीले ''दिँदा नखाने ! राती उठी कोल चाट्ने'' भनेर के भन्न चाहेकी हुन् ? 4

(ग) डाक्टर नानोको प्रयोगशालामा तयार भएकी क्लोरिना र आमाको गर्भमा प्राकृतिक रूपमा विकसित भएकी क्लोरिनामा के फरक छ ? 4

(घ) सही उत्तर चुनेर लेख : 2

(i) ''रात भरि हुरि चल्यो'' कथाका कथाकारले के सन्देश दिन चाहेका हुन् तलबाट छानेर लेख :

(अ) आपद विपद जहाँ पनि हुन्छ तर सम्हालेर बस्नु पर्छ ।

(आ) दुःख कष्ट बस्तीमा मात्र हुन्छ ।

(इ) दुःख कष्ट शहर बजारमा मात्र हुन्छ ।

(ई) बस्तीमा भन्दा बजारमा सुख शान्तिसंग जीवन बिताउनु सकिन्छ ।

(ii) डाक्टर नानो कथाबाट लेखक द्वयले के व्यक्त गर्न चाहेका हुन्,

(अ) प्रयोगशालामा जस्ताको तस्तै मानव भ्रूण उत्पन्न गर्न सकिन्छ ।

(आ) प्रयोगशाला निर्मित भ्रूण र मातृकोखमा विकसित भ्रूणमा केही फरक हुँदैन ।

(इ) विश्वका सबै प्राकृतिक सृष्टिहरू प्रयोगशालामा उत्पन्न गर्न सम्भव छ ।

(ई) प्राकृतिक सृष्टिहरू प्रयोगशालामा उत्पन्न गरे तापनि त्यसमा माया, दया, करूणा हाल्न सम्भव छैन ।

**5.** (क) सप्रसंग व्याख्या गर : 5

दोषी माता – पिताका वचन, गुरुजनाऽऽदेश निःशेष दोषी
सत्याऽऽत्मा मित्र दोषी, गृह परिधनको चाल देखिन्छ दोषी ।
पत्नीको प्रेम दोषी, अमृतमय मीठो वेदका वचन दोषी
यो सारा सृष्टि दोषी विधिवश छ भने आफ्नो दृष्टि दोषी ।।

**अथवा**

"फर्क फर्क हे ! जाऊ समाऊ,
मानिसहरूको पाउ !
मलम लगाऊ आर्तहरूको,
चहराइरहेको पाउ
मानिसहरू भै ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ ।।"

(ख) "छोरालाई" कवितामा कविले छोरालाई कस्तो हुने आह्वान गर्दैछन् । 5

(ग) "सत्य सन्देश" कवितामा कविले के गऱ्यो भने स्वर्ग प्राप्त गर्न जप, तप र व्रत गर्नु पर्दैन भनेका छन् ? 1

- (अ) दीन – दुःखीको सेवा गरे ।
- (आ) धनीका अघि हात जोड़े ।
- (इ) मनको तिर्सना टुङ्गो लागे ।
- (ई) मनमा दभ्य दुर्भाव भए ।

(घ) 'यात्री' कवितामा कविले भगवानको बास कहाँ हुन्छ भनेका छन् ? 1

- (अ) मन्दिरमा
- (आ) देवालयमा
- (इ) आकाशमा
- (ई) आफ्नो-आफ्नो मनमा

**6.** (क) टोटलाको फूल कथाका लेखकले युवतीको जीवनलाई टोटलाको फूल मानेका छन् । संदर्भ सहित कारण प्रष्ट पार । 4

(ख) 'कुखुरी ऽऽऽ काँ भाले बास्यो' कथाका कथाकार को हुन् उनले यस कथाबाट के भन्न खोजेका हुन् ? 4

(ग) 'केवल एक गोलीले कतिजना कुमारीको सतीत्वको रक्षा हुनेछ, कतिवटा फूलहरूलाई भँवरादेखि रक्षा गर्नेछ, केवल एक गोली ।'

उक्त गद्यांशमा कसले को माथि गोली प्रहार गर्न चाहन्छिन ? किन ? 4

**7.** (क) हरिभक्त कटुवालको जन्म कहाँ अनि कहिले भएको थियो ? 2

(ख) इन्द्र बहादुर राईको साहित्यिक परिचय लेख । 2

**8.** नेपालीमा अनुवाद गर : 4

May I go out sir ?

Ganga had gone to school.

Unity in Diversity.

Shanti and Sheela are coming from the market.